# स्थानीय राजपत्र

## बुलिङटार गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ०९) बुलिङटार -०३ , नवलपरासी ( ब.सु.पू) , २०८२ चैत्र १३ गते ( संख्या १३)

भाग २

**बुलिङटार गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको निर्देशिका कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

टोल विकास संस्था (गठन तथा परिचालन ) कार्यविधि - २०८० ( पहिलो संसोधन २०८२ )

कार्यपालिकाबाट स्वीकृत मिति : २०८२/१२/११

प्रमाणीकरण मिति : २०८२/१२/१३

CamScanner

# टोल विकास संस्था (गठन तथा परिचालन ) कार्यविधि - २०८० ( पहिलो संसोधन २०८२ ) को

## दफा ३

प्रस्तावनाः बुलिङटार गाउँपालिकाभित्र सामुहिक प्रयासमा टोलको संस्थागत, सामाजिक, आर्थिक विकास तथा सुशासन प्रर्वद्धन गर्न निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहततथा सहयोगी संस्थाको रुपमा रहने गरी सेवा सुविधाको पहुँच बढाउन बान्छनीय भएकाले,स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बुलिङटार कार्यपालिकाले यो कार्यविधि संसोधन ( पहिलो संसोधन २०८२ ) बनाएको छ- ।

१. दफा ३ मा भएको संसोधन

दफा ३ : सस्था सुचिकृत तथा नवीकरण

उपदफा (ङ) : प्रत्येकवर्ष असोज मसान्तभित्र सम्बन्धित वडा कार्यालयबाट अनुसूची २ बमोजिमको ढाँचामा नवीकरणको अनुसूची ३ का कागजात सहित निवेदन पेश गरि संस्था नवीकरण गर्नु पर्नेछ ।

(च) संस्था नवीकरण गर्दा साभारण सभाको निर्णय र गतवर्षको लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्नेछ।

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

अनुसूची -२

नवीकरणको लागि दिने निवेदन

श्री अध्यक्ष ज्यू ,
वडा समितिको कार्यालय ,
वडा नं ......
बुलिङटार गाउँपालिका

**विषयः टोल विकास संस्था नवीकरण सम्बन्धमा।**

महोदय,

उपरोक्त विषयमा यस ............................ टोल विकास संस्था, वडा नं. , ................. मा अवस्थित रहेको छ। **टोल विकास संस्था कार्यविधि, २०८०** बमोजिम हाम्रो संस्थाले आ.व. ................. को **असार मसान्त पश्चात ३ महिना भित्र लेखापरीक्षण प्रतिवेदन तयार गरी पेश गरेको** जानकारी गराउन चाहन्छौं।

यसका साथै,

- संस्थाको नियमित बैठकबाट **दर्तानवीकरण गर्ने सम्बन्धी निर्णय भएको**/,
- संस्था हालसम्म **नफुटेको, अटुट र क्रियाशील रहेको,**
- संस्थाले कार्यविधि अनुसार आवश्यक सबै प्रक्रिया पूरा गरेको,

व्यहोरा यसै निवेदनमार्फत जानकारी गराइन्छ।

अतः, हाम्रो टोल विकास संस्थालाई **नवीकरण गरिदिनुहुन** अनुरोध गर्दछौं।

धन्यवाद।

निवेदकः
समितिको तर्फबाट
अध्यक्षको नामथर :

टोल विकास संस्थाको नामः
ठेगानाः
बुलिङटार गाउँपालिका
.......... नं वडा कार्यालय

अनुसूची -३

संलग्न हुनुपर्ने कागजातहरु

१.संलग्न कागजातहरु

क. टोलको निर्णय र उपस्थितीको प्रतिलिपि

ख. विधानको २ प्रति, संसोधन भएको भए सभाबाट पारित निर्णय सहितको विधान प्रति

ग. वडा कार्यालयको सिफारिस

घ. टोल विभाजन  नभएको हकमा साविक टोलको सिफारिस

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

अनुसूची ३

दफा ३ को नवीकरण दर्ता र नवीकरणसँग सम्बन्धित

टोलविकास संस्थालाई दिने प्रमाण-पत्र

दर्ता नं : ......................                                        मिति : ...............

यस बुलिङटार गाउँपालिका वडा नं ........ स्थित .................... मा गठन भएको ................................... टोल विकास संस्थालाई यस कार्यालयमा मिति ......................मा दर्ता / नवीकरण गरि यो प्रमाणपत्र प्रदान गरिएको छ । बुलिङटार गाउँपालिकाको आर्थिक , सामाजिक , भौतिक , पूर्वाधार , शहरी सुशासन तथा मानवसंसाधन विकासमा वडाको सहयोगी संस्थाको रुपमा टोल विकास संस्थाको सहभागिताको अपेक्षा साथै उत्तरोतर प्रगतिको शुभेच्छा व्यक्त गर्दछु ।

.................................

वडा सचिव

<u>नवीकरणको विवरण</u>

| क्र.स | आर्थिक वर्ष | .................. देखि<br>.................. सम्म | प्रमाणित गर्ने अधिकारीको नाम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

ई. दिपेन्द्र सुनारी
अध्यक्ष

आज्ञाले ,

विष्णु बहादुर थापा

प्रमुख प्रशासकिय अधिकृत